## भिवोर विकास बैंक लिमिटेडको प्रबन्धपत्र र नियमावलिमा संसोधन गर्नुपर्ने प्रस्ताव :

| संसोधित दफा र नियम | साविक विवरण | संशोधित विवरण | औचित्य |
|---|---|---|---|
| **प्रबन्धपत्रको दफा ७ (ङ)** | सर्वसाधारणले शेयर खरिद गर्दा न्यूनतम ५० कित्ता वा १० अंकले भाग गर्दा शेष नरहने गरी अधिकतम ३४,००० कित्ता खरिद गर्न सकिनेछ । तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन । | सर्वसाधारणले शेयर खरिद गर्दा न्यूनतम १० कित्ता वा १० अंकले भाग गर्दा शेष नरहने गरी अधिकतम ३४,००० कित्ता खरिद गर्न सकिनेछ । तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन । | सर्वसाधारणले अधिकतम शेयर खरिद गर्न पाउन् भन्ने उद्देश्यले । |
| **नियमावलिको नियम १३** | यस विकास बैंकको सञ्चालकको पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तीमा ३४०० थान शेयर लिएको हुनु पर्नेछ । | यस विकास बैंकको सञ्चालकको पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तीमा १०० थान शेयर लिएको हुनु पर्नेछ । | न्युनतम शेयर भएका शेयरधनीलाई पनि संचालकमा सहभागि गराउने उद्देश्यले । |
| **नियमावलिको नियम २३** | विभिन्न वर्गका शेयर जारी गर्ने भए सो को विवरण र शेयरधनीको हक तथा विशेष सुविधाको विवरण : साधारण शेयर बाहेक अन्य वर्गका शेयरको सम्बन्धमा हाललाई कुनै व्यवस्था गरिएको छैन । साधारण शेयरको समूहगत संरचना प्रबन्धपत्रको दफा ५ मा उल्लेख गरिए बमोजिम हुनेछ । | नियम २३ को अन्तमा देहाय बमोजिम थप गर्ने :<br>तथापि संचालक समितिले कानुनको परिधि भित्र रही समय समयमा प्रिमियम सहितको वा प्रिमियम विनाको तथा सिमित अधिकार भएको बिशेष बर्गको शेयर जारी गर्न सक्नेछ । यसरी जारी गर्ने शेयर संचालक समितिको निर्णय अनुसार विद्यामान शेयरधनीहरु वा सर्वसाधारणलाई वा निजी तवरबाट पनि बिक्री गर्न सकिनेछ । | भविश्यमा पुँजीको आवश्यक्तालाइ परिपुर्ति गर्न व्यवस्था गर्नुपर्ने भएकाले |